प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/२/६

गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङज्यू, माननीय मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, कर्मचारी सहित पिएसओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको कोरोना परीक्षणका लागि स्वाब संकलन गरिएको छ। भोली प्रदेश सभाका सभामुख र अन्य सदस्यहरुको समेत स्वाब संकलन गरिने कार्यक्रम रहेको छ।

गण्डकी प्रदेश सरकारको प्रदेशका सम्पूर्ण जिल्लामा सघन उपचार कक्ष (ICU) स्थापना गर्ने निर्णयसंगै उक्त सेवा प्रभावकारी रुपमा संचालन गर्नको निम्ति जटिल अवस्थाका विरामीको हेरचाह गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रशिक्षण प्रदान गर्नका निम्ति मणिपाल शिक्षण अस्पताललाई अनुरोध गरिएको छ।

नेपाली सेनाले सोमबार लमजुङ जिल्ला सामुदायिक अस्पताल परिसरमा कोरोना भाइरसको संक्रमण बढेपछि गरिने विभिन्न क्रियाकलापसम्बन्धी 'डेमो' देखाएको छ।

लमजुङको उदीपुरस्थित श्रीजंग गणका सुरक्षाकर्मीले कोरोना संक्रमितको शव व्यवस्थापनसम्बन्धी डेमो प्रदर्शनी गरेका हुन्। सेनाले कोरोना भाइरस संक्रमण बढेपछि सुरक्षाकर्मी एवं स्वास्थ्यकर्मीले लगाउने व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) को प्रयोग गर्ने तरिका, कोरोना भाइरस संक्रमित फेला परेपछि अस्पतालसम्म लैजाने तरिका, कोरोना भाइरसबाट मृत्यु भए उक्त शवलाई अस्पतालबाट अन्तिम संस्कार स्थलसम्म लैजानका लागि अपनाउनुपर्ने विधि लगायतमा 'डेमो' देखाएका थिए।

आज सामाजिक विकास मन्त्रालयमा माननीय मन्त्री नरदेवी पुन मगरज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, महाशाखा प्रमुख लगायत अन्य सरोकारवालाहरु सम्मिलित बैठकमा पिसिआर परिक्षण, Case Management लगायतका विषयमा छलफल भएको थियो।

अहिलेसम्म गण्डकी प्रदेशमा १३३१ जनाको नमुना संकलन भएको छ जसमा १०८१ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र २४७ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६९९८ जनामा RDT परिक्षण गरिएको छ।

डा विनोद विन्दु शर्मा
निर्देशक